# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल

योजना तथा पूर्वाधार विकास महाशाखा

मिति : २०८२/१२/२२

**आयोजनाको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।।**

उपरोक्त सम्बन्धमा कोशी प्रदेश योजना आयोगको मिति २०८२।१२।०९ गतेको सूचना बमोजिम "आयोजना वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८२ अनुसार आ.व.२०८३/०८४ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्ताव प्रदेश योजना आयोगको आयोजना बैंक सूचना प्रणाली (अनलाइन प्रणाली) मा प्रविष्टि गर्नुपर्ने भएकोले तपसिल बमोजिमको विवरण सहित सम्वन्धित वडा कार्यालयमा मिति २०८२।१२।२७ गतेभित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क) आयोजना बैंक सूचना प्रणालीमार्फत आयोजना प्रस्ताव गर्दा कायम रहेको न्यूनतम सीमा/न्यूनतम लागत अनुमान निम्न अनुसार हुनुपर्नेछ ।

| क.सं. | आयोजनाको प्रकृति | रकम रु. |
|---|---|---|
| १ | सडक तथा पुल | रु.१ करोड |
| २ | भवन | रु.२५ लाख |
| ३ | झोलुङ्गे पुल | रु.२५ लाख |
| ४ | सिंचाई | रु.२५ लाख |
| ५ | शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | रु.२५ लाख |
| ६ | खेलकुल सम्बन्धी भौतिक पूर्वाधार | रु.२५ लाख |
| ७ | खानेपानी आयोजना | रु.२५ लाख |
| ८ | पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार | रु.५० लाख |
| ९ | धार्मिक तथा साँस्कृतिक क्षेत्रका पूर्वाधार | रु.२५ लाख |
| १० | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार | रु.२५ लाख |
| ११ | शहरी क्षेत्रको ढल तथा नाली निर्माण | रु.२५ लाख |
| १२ | प्रदेशको एकल अधिकार क्षेत्रभित्रका जुनसुकै पूर्वाधार | रु.२५ लाख |
| १३ | माथि उल्लेख भएं बाहेकका अन्य आयोजना | रु.२५ लाख |

तर, बहुवर्षिय आयोजना प्रस्ताव गर्दा अधिकतम सीमा (सामाजिक पूर्वाधारको आयोजना/कार्यक्रममा रु.१५ करोड र सडक तथा पुलको हकमा ३० करोड) भन्दा वढीको प्रस्ताव पेश गर्न पाइने छैन ।

CamScanner

# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल

योजना तथा पूर्वाधार विकास महाशाखा

देहायको विवरण खुलाएर प्रस्ताव पेश गर्नुपर्नेछः-

१. आयोजनाको नाम (नेपाली र अंग्रेजी) दुवैमा:-

२. आयोजनाको प्रकृति (पूँजीगत/चालु)-

३. आयोजनाको अवस्था (नयाँ/निर्माणाधिन)-

४. आयोजना स्थल/ठेगाना:-

५. आयोजनाको वर्गीकरण (वार्षिक/बहुवर्षिय/चालु)-

६. आयोजनाको प्रकार (सेवामुलक/निर्माण/उत्पादन/व्यापार/प्रकोप/अन्य)-

७. आयोजनाको वर्गीकरण (सडक तथा पुल, भवन, सिँचाई, शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार, खेलकुद सम्बन्धी भौतिक पूर्वाधार, खानेपानी आयोजना, पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार, धार्मिक तथा साँस्कृतिक क्षेत्रका पूर्वाधार, कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार, शहरी क्षेत्रको ढल तथा नाली निर्माण, प्रदेशको एकल अधिकार क्षेत्रभित्रका जुनसुकै पूर्वाधार, माथि उल्लेख भए बाहेकका अन्य आयोजना)-

८. आयोजनाको लागत अनुमान (बुँदा नं. क बमोजिम)-

९. जग्गा प्राप्तिको कानूनी प्रक्रिया पुरा भएको भए जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि-

१०. सम्भाव्यता अध्ययन भएको/विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको भए सोको कागजातः

११. आयोजना सम्पन्न हुने मितिः-

१२. वातावरणीय मूल्याङ्कन(EIA/IEE) प्रतिवेदन स्वीकृत भए सोको कागजातः-

१३. प्रत्यक्ष लाभग्राही परिवार तथा जनसंख्या (महिला/पुरुष/अन्य) को विवरणः-

१४. अप्रत्यक्ष लाभग्राही परिवार तथा जनसंख्याको विवरणः-

.............................

(योगेन्द्र प्रसाद दुलाल)

प्रमुख प्रशासकीय अधिकृत

CamScanner